आज मिति २०७८ कार्तिक १७ गते, बुधबार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**<u>विषयहरु :–</u>**

१. **शैक्षिक ऋण सम्बन्धमा ।**

२. **उपभोक्ता समिति गठन सम्बन्धमा ।**

३. **ल.ई. स्वीकृति सम्बन्धमा ।**

४. **तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा प्लट मिलान सम्बन्धी रकम फिर्ता सम्बन्धमा ।**

५. **समिति निर्णय अनुमोदन सम्बन्धमा ।**

६. **विविध ।**

**<u>निर्णयहरुः–</u>**

१. **आर्थिक वर्ष २०७८/०७९ को लागि भक्तपुर नगरवासी विद्याथीहरुलाई उच्च शिक्षा अध्ययनको लागि नगरपालिकाको तर्फबाट प्रदान गर्ने शैक्षिक ऋण सम्बन्धी आवेदन फाराम भर्न १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।**

२. तुमचो दुगुरे चोखा जग्गगा एकीकरण आयोजना क्षेत्रमा परेको नपुग तथा छुट जग्गाको रकम उपलब्ध गराउने सम्बन्धमा बैठकमा पेश हुन आएको तपसिलको सूचिअनुसार आयोजनामा रकम बुझाइसकेका जग्गाधनीहरूलाई रकम फिर्ता गर्दा रकम बुझाएको मितिले १० प्रतिशत ब्याज थप गरि रकम भुक्तानी गर्ने र अन्यको हकमा विक्री तथा थप जग्गाको शुरू मूल्य तालिका बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | निवेदकको नाम | नक्सा नं. | कि.नं. | क्षेत्रफल(ब.मी.) | | | दर प्रति व.मी. | रकम | ब्यहोरा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ज.ध.अनुसार | फिल्ड अनुसार | फरक | | | |
| १ | नवराज गिरी | १छ३ | ६९ | २९३।८७ | २३०।६० | ६३।२७ | १७७२१।१८ | ११२१२१९ | पैसा बुझाइसकेको नपुग जग्गाको रकम फिर्ता दिनुपर्ने १० प्रतिशत ब्याज थप गर्नृपर्ने |
| २ | सत्य लक्ष्मी कुसी | १छ१ | ३३ | ११०।१ | ९५।०९ | १४।९८ | ३०७३६ | ४६०४२५ | |
| ३ | आसकाजी खोजू | १च | १२ | ४७।६९ | | ३१।९५ | २९७८५ | ९५१६३१ | जग्गा छुट भएको |
| ४ | खयरगोली | १क | ३६४ | ३१।८ | | १९।९२ | १३७४७ | २७३८४० | |
| ५ | प्रविण प्रजापति | १छ८ | ५१ | ९४।३६ | ९२।१७ | २।१९ | ३९५१० | ८६६०६ | जग्गा नपुग भएको |
| ६ | रामभक्त प्रजापति समेत | १छ४ | ३३ | १६३।७४ | १६१।६७ | २।०७ | २५८३७ | ५३३७९ | |

३. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**१. आर्थिक समिति :**

मिति : २०७८।६।१२ गते बसेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गामा विगत वर्षहरुमा जस्तै दशैंको समयमा खसी, च्यांग्राको व्यापारका लागि व्यापारीहरुबाट स्थान उपलब्ध गराई दिन माग भएकोमा उक्त स्थानमा खसी, च्यांग्राको विक्री गर्नेहरुको हकमा २५'X२०' वर्ग फिट क्षेत्रफलका लागि रु.२०,०००।- दस्तुर र धरौटी रु.५,०००।- तथा उक्त क्षेत्रमा पसल संचालन गर्ने र खसी, च्यांग्रा सफा गर्नेहरुको हकमा १५'X१०' वर्ग फिट क्षेत्रफलका लागि रु.७,०००।- दस्तुर तथा धरौटी रु.३,०००।- लिई बढीमा १ महिनाको समयका लागि अस्थायी पसल, व्यवसाय संचालन गर्न दिने निर्णय गरियो ।

मिति : २०७८।७।४ गते बसेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. हाल यस नगरपालिकाको १,२ र १० वडाहरुमा नगरपालिकाको खाता रहेको नेपाल बैंकको शाखाहरु विस्तार भइसकेकोले वडा कार्यालयहरुबाट उठेको हरेक दिनको आम्दानी रकम भोलिपल्ट तथा महिनाको अन्तिम दिनको रकम सोही दिनभित्र सम्बन्धित वडा कार्यालयहरुलाई पायक पर्ने नेपाल बैंकको शाखामा ( काउण्टर) मा दाखिला गर्न लगाउने र सोको जानकारी नगरपालिकामा गर्न लगाउने निर्णय गरियो ।

ख. कोभिड-१९ बाट बढी प्रभावित पर्यटन तथा यातायात क्षेत्रसंग सम्बन्धित पसल तथा व्यवसायहरुको बहाल तथा कर छुट सम्बन्धमा अध्ययन गराई छुट दिने सम्बन्धमा नगर कार्यपालिकाको निर्णय अनुसार गर्ने भनी यस नगरपालिकाको दशौं नगरसभाबाट प्रस्ताव पारित भए अनुसार मिति २०७८।४।१४ गते श्रीमान प्रमुखज्यूबाट यस आर्थिक समितिलाई सो सम्बन्धमा अध्ययन गरी पेश गर्न कर उपशाखाको टिप्पणी मार्फत निर्देशन भएकोमा यस समितिमा छुटका लागि पेश भएका टिप्पणीमा उल्लेखित कुल ९ वटा निवेदनहरुको सम्बन्धमा अध्ययन तथा छलफल हुंदा कोभिड १९ बाट ती पसल तथा व्यवसायहरु प्रत्यक्ष रुपमा प्रभावित भएको र कोभिडको समयमा संचालनमा नआएकोले तुलनात्मक रुपमा बढी प्रभावित पर्यटन क्षेत्र अन्तर्गतको दरवार क्षेत्रस्थित पाहाँछें सत्तल र पर्यटक शौचालय मुनिका २ वटा पसलहरु साथै ब्यासीस्थित २ नं. वडा कार्यालय मुनिको मनि एक्सजेन्ज पसलहरुको हकमा ६ महिनाको बहाल छुट दिने साथै पर्यटन क्षेत्र बाहेकको मिनिबस सेवा समिति र सार्वजनिक शौचालयको हकमा ४ महिनाको कर तथा बहाल छुट दिने निर्णय गरियो ।

ख. जय भवानी बचत तथा ऋण सहकारी संस्था, पामिला बचत तथा ऋण सहकारी संस्था, सुनौलो बचत तथा ऋण सहकारी संस्था र जय सन्तोषी माँ बचत तथा ऋण सहकारी संस्थाहरु काठमाण्डौमा संचालित

बहुउद्देश्यीय सहकारी संस्थाहरुसंग मर्ज गर्न सिफारिस माग भएको सम्बन्धमा छलफल हुंदा बहुउद्देश्यीय सहकारी संस्थाहरु भर्खर दर्ता भै आएकोले उक्त बचत तथा ऋण सहकारी संस्थाहरु माग बमोजिम हाललाई मर्जको सिफारिस नदिने निर्णय गरियो ।

**२. शिक्षा संस्कृति तथा स्वास्थ्य समिति :**

मिति : २०७८।७।१६ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. वडा नं. ३ स्थित नृत्य बत्सला मन्दिरबारे सम्पूर्ण विवरणसहितको ४५०० पुस्तक प्रकाशित गर्ने निर्णय गरियो ।

ख. वडा नं. ५ स्थित लक्ष्मी नरसिंह पुनः निर्माण गर्न निम्न अनुसार सदस्यहरु रहने गरी भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा निर्देशक समिति गठन गर्ने निर्णय गरियो :

१. संयोजक : श्री सुनिल प्रजापति, भ.न.पा.

२. सदस्य : श्री रजनी जोशी, भ.न.पा.

३. सदस्य : श्री रुद्रादेवी शर्मा, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, भक्तपुर

४. सदस्य : श्री शिवकुमार श्रेष्ठ, प्रहरी उपरीक्षक, महानगरी प्रहरी परिसर, भक्तपुर

५. सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष, भ.न.पा. ७

६. सदस्य : श्री कुमार चवाल, वडाअध्यक्ष, भ.न.पा. ४

७. सदस्य : श्री प्रेम गोपाल कर्माचार्य, वडाअध्यक्ष, भ.न.पा. ५

८. सदस्य : श्री अरुणा नकर्मी, दरवार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, भक्तपुर

९. सदस्य : श्री आनन्द प्रसाद कर्माचार्य, गुठी संस्थान कार्यालय, भक्तपुर

१०. सदस्य : श्री रामलाल श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा.

११. सदस्य : श्री शिवराम किजु, उपभोक्ता समिति अध्यक्ष

१२. सदस्य : श्री राम गोविन्द श्रेष्ठ, सदस्य सचिव, सम्पदा शाखा प्रमुख, भ.न.पा.

ख. कोभिड–१९ को महामारीको कारण बन्द भएको शिशु स्याहार तथा बाल विकास केन्द्रमा बन्द अवधि भरको लागि शुल्क मिनाहा गर्ने निर्णय गरियो ।

**३. युवा तथा खेलकुद समिति :**

मिति : २०७८।७।१६ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २० गतेदेखि २४ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद (प्रतियोगिता) भलिबल, फुटसल, पोर्टबल, एथ्लेटिक्स, उसु, कराँते, तेक्वाण्डो, कसिमला पायँ, कबड्डी, खो खो, ब्याटमिन्टन, बुद्धिचाल, टेबुल टेनिस र जिम्नाष्टिक खेलहरुको आयोजना गर्ने निर्णय गरियो ।

## ४. कृषि समिति :

मिति : २०७८।७।१६ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. किसानहरुको मागलाई मध्यनजर गरी भक्तपुर नगरपालिकाको विगत वर्षहरुमा भैं २०७८/०७९ मा पनि प्रतिपरिवार आलु अथवा गहुँ ५/५ के.जी. का दरले निःशुल्क वितरण गर्ने निर्णय गरियो ।

ख. किसानहरुलाई वितरणको लागि गहुं र आलु विउ आवश्यकता अनुसार खरिद गर्ने निर्णय गरियो ।

५. निर्माण समिति
मिति २०७८।०७।१४ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

| क्र. सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई.। सूचना प्रकाशन गर्न स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि सामाग्री खरिद कार्य | ८ | संघीय सरकार विशेष अनुदान | ३६,५००,०००।०० | | | | | | | | सूचना प्रकाशन गर्ने निर्णय गरियो । |
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य (दोस्रो चरण) | १ | नपा | ५,८०३,६५५।५४ | | | | | | | | |
| २ | इखालाछी मठ पुन:निर्माण कार्य ( दोस्रो चरण) | ४ | नपा | ८,७७५,७३७।४६ | | | | | | | | |
| ३ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य (दोस्रो चरण) | ४ | नपा | ८,७९३,७०८।४३ | | | | | | | | |
| ४ | कमलविनायक बाल उद्यान हरियाली तथा वृक्षरोपण गर्ने कार्य | १० | वातावरण शीर्षक | २,५४२,५०१।४९ | | | | | | | | |
| ५ | भ.न.पा. वडा नं. १-१० सम्म विभिन्न ठाउंमा निर्माण सम्बन्धी कार्य गर्न आवश्यक सिमेन्ट | १-१० | मर्मत | ५९,८५०।०० | | | | | | | | |
| रि. ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हनुमानघाट पुल मर्मत कार्य | ७ | नपा | ३,६६५,४५७।८० | ४,९२४,०९७।१७ | | | | | | | |
| २ | रानीपोखरी संरक्षण कार्य (तेस्रो चरण) | १ | नपा | ७,२४७,२६८।१४ | ८,७७०,४१३।५८ | | | | | | | |
| | **पेश्की फछ्र्यौट र भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | नपा | ९,९७२,२८८।२२ | | ३,०००,०००।०० | ३,०७१,६६३।४६ | ७१,६६३।४६ | ४,०५७,९३५।५० | सम्पन्न | लक्ष्मी नारायण राजलवट | नपाबाट उपलब्ध गरेको सालको काठको मूल्यांकन रू. ७,८५,२४७।४९ |
| | | | | | | ३,०००,०००।०० | ३,११८,७९३।४६ | ११८,७९३।४६ | ३,७०८,४७१।९० | | | |
| | | | | | | **६,०००,०००।००** | **६,१९०,४५६।९२** | **१९०,४५६।९२** | **७,७६६,४०७।४०** | | | |
| २ | बाल विकास स्कूल परिसरको उत्तरतर्फ खुला क्षेत्रमा ढुंगा छपाई र उद्यान निर्माण कार्य | ८ | नपा | २,०२७,८८८।२४ | | ६६०,०००।०० | १,१६६,३४६।५५ | ५०६,३४६।५५ | १,६१२,८९५।१७ | सम्पन्न | कृष्ण प्रसाद गोसाई | |
| | | | | | | ८३३,६५४।०० | ८३३,६५५।०९ | १।०९ | ९९७,७८३।४२ | | | |
| | | | | | | **१,४९३,६५४।००** | **२,०००,००१।६४** | **५०६,३४७।६४** | **२,६१०,६७८।५९** | | | |
| **उपभोक्ता र अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | मिनिबस पार्कमा ढलान बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल | १,०३१,४२१।०८ | | उ.स.अ. : श्री मदन (रमेश) गांसी अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | | |
| २ | गोल्मढीबाट थाथुमला जाने ढुंगा छपाई बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल | १,०३०,८३४।६८ | | उ.स.अ. : श्री केशव कवां अ.स.स. : श्री रञ्जना त्वाती | | | | | | |
| ३ | वागीश्वरी कलेज ब्लक-सी (BLOCK C) को दोस्रो तल्ला थप्ने कार्य | ९ | बाग्मती प्रदेश सशर्त बजेट | ५,०००,०००।०० | | उ.स.अ. : श्री ज्ञानसागर प्रजापति अ.स.स. : श्री इन्द्रबहादुर प्याठ | | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | नपा | ९,९७२,२८८।२२ | | मिति २०७८ पुस मसान्तसम्म म्याद गर्ने निर्णय गरियो । | | | | | | |
| **रिटेन्सन रकम फिर्ता सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ख्वप अस्पताल भवन निर्माणको लागि आवश्यक RMC आपूर्ति गर्ने टि.एन. बिल्डर प्रा.लि., भक्तपुरको रनिंग बिलबाट कट्टा गरी राखेको 5% रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| २ | ख्वप अस्पताल भवन निर्माणको लागि आवश्यक रडहरू सप्लाई गर्ने गोदावरी आइरन स्टोर्स प्रा.लि., हेटौंडाको रनिंग बिलबाट कट्टा गरी राखेको 5% रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **जमानत जफत गरी कालो सूचीमा राख्ने सम्बन्धमा** | | | | | | | | | | | | |

| | |
|---|---|
| १ | **यस भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७७/७८ का लागि बाग्मती प्रदेश सरकारको समपूरक अनुदान बजेट र भ.न.पा.को स्रोतबाट संयुक्त लगानीमा भ.न.पा. वडा नं. ७, ४, ८ को जगाती, राम मन्दिर तथा लिबाली क्षेत्रमा पीच कार्य (ठेक्का नं. bktmun/NCB/works/01/077/78) गर्न ल.ई. रु. १,९९,९९,९५८।२६ स्वीकृत भएकोमा रु. १,३६,२०,१९७।४३ कबोल गर्ने निर्माण व्यवसायी श्री आत्रेय निर्माण सेवा प्रा.लि.सँग मिति २०७७/१०/१३ गते भएको सम्झौता अनुसार कार्य सुरु भई मिति २०७८ वैशाख मसान्तसम्म कार्य सम्पन्न गर्नुपर्नेमा तर विश्वभरि फैलिएको कोभिडको दोस्रो लहरसँगै नेपाल सरकारद्वारा जारी गरेको निषेधाज्ञाको कारण काममा अवरोध भएकोले म्यादभित्र काम सम्पन्न हुन नसकेको हुनाले मिति २०७८/०५/१९ गतेको नगर कार्यपालिकाको बैठकबाट मिति २०७८ असोज मसान्तसम्म म्याद थप गरिसक्दा पनि केही कार्य प्रगति नदेखिएको, कार्य स्थल तथा कार्यालयमा उपस्थित नभएको र पटक-पटक कार्य सुचारु गर्न आह्वान गर्दा पनि कार्यप्रति कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिम सो कम्पनी यस ठेक्काको लागि असक्षम देखिएको हुनाले ठेक्का तोडेर बैंक जमानत जफत गरी कालो सूचीमा राख्ने साथै उक्त कम्पनीलाई कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा विस्तृत विवरण उल्लेख गरी अनुरोध गर्ने निर्णय गरियो।** |

मिति २०७८।०७।१६ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई.। कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई./ सूचना प्रकाशन गर्न स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शित भण्डारण गृह भवन निर्माण कार्य | ८ | संघीय सरकार समपूरक अनुदान | २७,८८५,५९२।२५ | | | | | | | | सूचना प्रकाशन गर्ने निर्णय गरियो । |
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लिबाली आवास क्षेत्रमा सडक पीच कार्य | ८ | बागमती प्रदेश स:शर्त बजेट | ४,९९९,८९०।१० | | | | | | | | |
| २ | जगातीदेखि हनुमानघाट पुलसम्मको सडक पीच कार्य | ७ | नपा | ३,०२५,७२७।२८ | | | | | | | | |
| ३ | गपलीदेखि राममन्दिर पुलसम्म र भुलांचादेखि राममन्दिर पुलसम्मको सडक पीच कार्य | ४ | नपा | ४,३२६,६२३।१२ | | | | | | | | |
| ल.ई. स्वीकृत/पेश्की फछ्र्यौट भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श मा.वि. भवन निर्माण कार्य | ५ | संघीय सरकार भौतिक पूर्वाधार (आ.व. २०७५।७६) | ३,०३५,९११।६६ | | १,८००,०००।०० | २,७३०,६०३।८० | ९३०,६०३।८० | २,९२८,९९८।०३ | सम्पन्न | विद्यालय आफै | रू.९,३०,६०३।८० आदर्श मा.विबाट व्यहोर्ने । |
| **रिभाइज ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बेखालस्थित कभर्ड हल निर्माण कार्य (पहिलो चरण) | १० | नपा | ४,९९९,७७९।९९ | ९,५४५,४७४।६४ | | | | | | | बागमती प्रदेश समपूरक बजेट अन्तर्गत को बेखाल कभर्ड हल शीर्षक बाट व्यहोर्ने |
| **फछ्र्यौट / भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | रानीपोखरी संरक्षण कार्य (तेस्रो चरण) | १ | नपा | ८,७७०,४१३।५८ | | २,३००,०००।००<br>१,४००,०००।००<br>**३,७००,०००।००** | ३,५७६,४३९।२५<br>२,७४०,४९५।६३<br>**६,३१६,९३४।८८** | १,२७६,४३९।२५<br>१,३४०,४९५।६३<br>**२,६१६,९३४।८८** | ३,६७२,३१३।९१<br>२,८९८,७१९।०६<br>**६,५७१,०३२।९७** | सम्पन्न | श्याम सुन्दर बाटी | |
| २ | बेखालस्थित कभर्ड हल निर्माण कार्य (पहिलो चरण) | १० | नपा | ४,९९९,७७९।९९ | ९,५४५,४७४।६४ | १,६००,०००।००<br>२,८८६,३७५।००<br>**४,४८६,३७५।००** | २,११३,४०३।००<br>३,३३१,३२१।२३<br>**५,४४४,७२४।२३** | ५१३,४०३।००<br>४४४,९४६।२३<br>**९५८,३४९।२३** | २,२६५,२५०।३१<br>३,५७८,२५७।५९<br>**५,८४३,५०७।९०** | आंशिक सम्पन्न | लक्ष्मी प्रसाद चवाल | रू.९५,७११।०० डण्डी, काठको बांकी मौजाद |
| **उपभोक्ता /अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नवदुर्गा ल्याउने क्वाठण्डौ मर्चा जाने ईटा छपाई बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल | १,०२१,०१७४० | | उ.स.अ. : श्री उत्तम राजचल अ.स.स. : श्री ज्ञानकुमार मगजू | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बेखालस्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण) | १० | नपा | २,१३०,४३९।१८ | | उ.स.अ. : श्री देवकुमार अवाल अ.स.स. : श्री जितेन्द्र मुनंकर्मी | | | | | |
| ३ | नाग पोखरी परिसरमा पानी ट्यांकी निर्माण कार्य | १० | खानेपानी शीर्षक | ३८०,६५६।३६ | | उ.स.अ. : श्री अनिल देउपाला अ.स.स. : श्री विजयलक्ष्मी शाक्य | | | | | |
| ४ | मको गल्ली जेला चोक हुँदै जेला गल्ली र दत्तात्रय मन्दिर पछाडिसम्मको ईटा छपाई बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल | १,०१५,९७६।४१ | | उ.स.अ. : श्री कृष्ण भक्त लवजू अ.स.स. : श्री जगतलाल मानन्धर | | | | | |
| ५ | इखालाछी मठ पुन:निर्माण कार्य (दोस्रो चरण) | ४ | नपा | ८,७७५,७३७।४६ | | उ.स.अ. : श्री पुरूषोत्तम तमखु अ.स.स. : श्री पशुपति प्रजापति | | | | | साविक उ.स. तथा अ.स. लाई नै निरन्तरता दिने । |
| **बजेट संशोधन सम्बन्धमा** | | | | | | | | | | | |
| १ | आ.व. २०७८/०७९ मा भ.न.पा. वडा नं. १ स्थित रानी पोखरी संरक्षण कार्य (तेस्रो चरण) को रि.ल.ई. रू.८७,७०,४१३।५८ स्वीकृत भई सञ्चालित योजनाको लागि अपुग बजेट आ.व. २०७८/०७९ मा विनियोजित वडा नं. १ बहुउद्देश्यीय भवन निर्माण कार्य बजेट शीर्षकबाट रू. ९ लाख, महेश्वरी स्टेडियम निर्माण कार्य बजेट शीर्षकबाट रू.९ लाख र भैपरी आउने पूंजीगत खर्च बजेट शीर्षकबाट रू.५ लाख गरी जम्मा रू.२३ लाख रानीपोखरी संरक्षण कार्य (तेस्रो चरण) को कार्य सम्पन्न गर्न व्यहोर्ने र बांकी संशोधित बजेट वडा नं. १ बहुउद्देश्यीय भवन निर्माण कार्य बजेट शीर्षकमा रू.१ लाख, महेश्वरी स्टेडियम निर्माण कार्य बजेट शीर्षकमा रू.१ लाख र भैपरी आउने पूंजीगत खर्च बजेट शीर्षकमा रू.४५ लाख रहने गरी संशोधन गर्ने निर्णय गरियो । | | | | | | | | | | |
| **दररेट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिकाको आ.व. २०७८/०७९ का लागि भ.न.पा. वडा नं. ८ स्थित भक्तपुर नगरपालिका फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि आवश्यक सामाग्री खरिद कार्य गर्नका लागि सो योजनाको लागि चाहिने सामाग्रीहरूको दररेट स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | |

भक्तपुर नगरपालिकाको "साविक मादण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरणसम्बन्धी कार्यविधि २०७७" अनुसार नक्सा पास र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचीकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका निम्न विवरण अनुसारका पास हुने नक्सा जम्मा १० र सूचिकृत हुने नक्सा जम्मा २४ गरी जम्मा नक्सा संख्या ३४ पास र सूचिकृत गर्ने निर्णय गरियो :

| क्र.सं. | नाम | निर्माण स्थल | कि.नं. | क्षे.फ. | निर्माण समितिको सिफारिस विवरण | निर्माण समितिको सिफारिस मिति | कार्यपालिकाको वैठकको निर्णय |
|---|---|---|---|---|---|---|---|
| १ | विष्णु भक्त भैनात्व | भ.न.पा. ८ | ३ | ०-७-०-३ | नक्सा पास हुने | ०७८।६।८ | नक्सा पास हुने |
| २ | राम कृष्ण छुस्याबाग | भ.न.पा. १० | २१ | ०-३-३-२ | नक्सा पास हुने | ०७८।६।८ | नक्सा पास हुने |
| ३ | मैंया सुवाल कोजु | भ.न.पा. १० | ६५५ | ०-५-२-२ | नक्सा पास हुने | ०७८।६।८ | नक्सा पास हुने |
| ४ | लक्ष्मी केशरी तुल्सीबाख्यो | भ.न.पा. ९ | १४२ | ०-१-३-३.६१ | नक्सा पास हुने | ०७८।७।९ | नक्सा पास हुने |
| ५ | उषा थापा | भ.न.पा. १ | १८२ | ०-२-२-० | नक्सा पास हुने | ०७८।७।९ | नक्सा पास हुने |
| ६ | जनक लाल सुवाल | भ.न.पा. २ | ११७ | ०-३-३-२ | नक्सा पास हुने | ०७८।७।९ | नक्सा पास हुने |
| ७ | कृष्णप्यारी न्यान्ची | भ.न.पा. ८ | २५७ | ०-२-०-२ | नक्सा पास हुने | ०७८।७।९ | नक्सा पास हुने |
| ८ | मंगल माया वैद्य सुवाल | भ.न.पा. ८ | साविक ३४ हाल १७५ | ०-२-०-२.५ | नक्सा पास हुने | ०७८।७।१२ | नक्सा पास हुने |
| ९ | शंख लक्ष्मी मानन्धर | भ.न.पा. १० | १७४ | ०-२-३-३ | नक्सा पास हुने | ०७८।७।१२ | नक्सा पास हुने |
| १० | शोभा कुमारी थापामगर | भ.न.पा. १ | ५४४ | ०-४-०-३.५ | नक्सा पास हुने | ०७८।७।१२ | नक्सा पास हुने |
| ११ | मंगल लक्ष्मी सुवाल | भ.न.पा. १ | ३६८ र ३७० | ०-०-०-२ र ०-१-०-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १२ | मोहन केशरी प्रजापति | भ.न.पा. ९ | ६८६ | ०-१-०-३ | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १३ | लक्ष्मी केशरी सुवाल | भ.न.पा. २ | ९५ | ०-३-०-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १४ | कृष्ण लक्ष्मी बासु समेत | भ.न.पा. ८ | ७६ | ०-२-१-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १५ | विना मैंया तुल्सीबाख्यो | भ.न.पा. ५ | १८ र ४१ | ०-०-३-० र ०-१-१-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १६ | राधिका कुमारी चौधरी | भ.न.पा. १ | ३९८६ | ०-२-२-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १७ | श्रीप्रसाद प्रजापति | भ.न.पा. ९ | ८५ र ८७ | ०-१-०-० र ०-१-०-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | शिवराम कवां | भ.न.पा. ७ | २०५ | ०-८-०-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| १९ | विष्णु लक्ष्मी प्रजापति | भ.न.पा. ८ | ९५९ | ०-२-२-० | सूचिकृत हुने | ०७८।६।८ | सूचिकृत हुने |
| २० | कृष्णराम सुवाल | भ.न.पा. १० | ३०१ | ०-२-३-२ | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २१ | रत्नेश्वरी लाखे | भ.न.पा. ८ | ४२९, ४३१ र १५ | ०-१-२-०, ०-२-२-० र ०-०-३-१.४१ | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २२ | पुण्यश्वरी चवाल | भ.न.पा. ३ | ५६७ | ०-१-१-० | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २३ | विष्णु केशरी धुख्वा | भ.न.पा. ३ | ५६६ | ०-१-३-० | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २४ | कृष्ण प्रसाद भ्वयद्यो | भ.न.पा. ८ | २८१ | ०-२-३-२ | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २५ | रोशनी नायभा | भ.न.पा. ३ | ५६४ | ०-१-१-३.५ | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २६ | विकु नारायण पोतामाहा | भ.न.पा. ३ | ५६५ | ०-१-२-०.५ | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २७ | राधिका गुज | भ.न.पा. ८ | १२५ | ०-२-२-० | सूचिकृत हुने | ०७८।७।९ | सूचिकृत हुने |
| २८ | श्याम बोयजु | भ.न.पा. २ | २१३ र २१६ | ०-३-३-१ र ०-०-०-३ | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |
| २९ | राम लक्ष्मी कोजु | भ.न.पा. १० | १७७ | ०-२-३-२ | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |
| ३० | लक्ष्मी प्रसाद प्रजापति | भ.न.पा. ९ | साविक १५० हाल २३१ | ०-१-३-२.४८ | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |
| ३१ | कान्छा प्रजापति | भ.न.पा. ९ | साविक १५० हाल २३२ | ०-१-३-२.४८ | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |
| ३२ | लक्ष्मी केशरी कर्माचार्य | भ.न.पा. १० | १५१ | ०-२-२-० | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |
| ३३ | तुल्सी प्रसाद कोजु | भ.न.पा. १ | ३६४ र ६६१ | ०-२-०-० र ०-२-२-३ | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |
| ३४ | कुमार श्रेष्ठ | भ.न.पा. १ | ३३० | ०-१-३-१ | सूचिकृत हुने | ०७८।७।१२ | सूचिकृत हुने |

६. **विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. ख्वप मा.वि. बाट भक्तपुर नगरपालिकाद्वारा संचालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना संचालनको लागि प्राप्त रु.३ करोड ऋण र नगर विकास कोषबाट उक्त आयोजना संचालनको लागि लिएको ऋण रकममा रु.१०,९५,८९०।४१ को ब्याज पूँजीकृत भएको व्यहोरा आजको बैठकमा जानकारी गराइयो । अबदेखि ब्याज पूँजीगत गर्नुभन्दा ब्याज भुक्तानी गर्ने निर्णय गरियो ।

ख. भ.न.पा.द्वारा संचालित घर दैलो फोहर संकलन कार्यक्रममा जाने गाडीमा कार्य गर्दै आएकोमा मिति २०७८।६।२७ गतेका दिन गाडी चलाइराखेको गाडीबाट लडेर घाइते भई कार्य गर्न नसकेको हुंदा केही समयको लागि आराम गर्न डाक्टरको सल्लाह अनुसार आराम गर्नु पर्ने भनी स.म. श्री मोतिलाल ग्वाछाले निवेदन पेश गरेकोमा डाक्टरको रिपोर्ट अनुसार निजलाई मिति २०७८।६।३१ देखि २०७८।७।६ गतेसम्म सात दिन सार्वजनिक विदा दिने निर्णय गरियो ।

ग. वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले प्रदेश नं. १ र २ अर्न्तगतका विभिन्न जिल्लाहरुको अध्ययन भ्रमणका लागि रु. १,५०,०००। पेश्की लिएकोमा रु.१,९४,३५१।०८ करसहित खर्च भर्पाइ पेश गरी पे.फ लागि दिनु भएको निवेदन अनुसार नपुग रकम रु.४४,३५१।०८ भुक्तानी दिई निजको नाममा रहेको पे.फ. गर्ने निर्णय गरियो ।

घ. नपाद्वारा संचालित फोहर मैला संकलन गर्ने बा १ भ्क. ८७५१ नं. गाडीको मर्मत गरे वापत रु. ४१,८१०।-, बा ३ च ५४३ को शव बाहन गाडी मर्मत गरे वापत रु.८१,५८६।-, बा ३ च ७१४९ को एम्बुलेन्स गाडीको मर्मत गरे वापत रु.१०,१७०।-, एम्बुलेन्स गाडी नं. प्रदेश नं. ३, ५४९६ को मर्मत गरे वापत रु. ४,२९४।-, बा १ भ्क ८७४८ को गाडीको मर्मत गरे वापत रु.१२,२०४।-, गाडी नं. बा ३ च मर्मत गरे वापत रु. ८७,७४४।५० र बा १ भ्क ८७४९ को गाडी मर्मत गरे वापत रु.३८०५२।७५ गरी कुल रु.२,७५,८६१।२५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. नपाको फोहोरमैला संकलन गर्ने ट्राइसाइकल मर्मत गरे वापत रु.२,४००।- र नपाको ३८५८ को मोटरसाइकल मर्मत गरे वापत रु.२,०४०।- गरी कुल रु.४,४४०।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

च. नपाको बा १ क ८१५६ को स्काइभेटर मर्मत गरेवापत रु.७३,७५६।२३ हाम्रो हेभी इक्वीपमेन्ट प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. नपाको बा २ स ९७९ को गाडी मर्मत गरे वापत रु.२४,८६०।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु.५४,२५०।- दिव्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. नपाको २०७८ असोज १९ गतेको कार्यपालिका बैठकमा विहानको नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।- सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.११,२०५।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. नगरपालिकामा राख्न खरिद गरिएको फोटो वापत रु.४९,७२०।- हलिउड प्रा.लि.लाई भुक्तानी दिइएको बैठकबाट अनुमोदन गरियो ।